# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं


मिति: २०७६।०५।०६ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------

प्रहरी चौकी, पाँचखाल काभ्रेका प्रहरी हवल्दार भक्त बहादुर हायु र प्रहरी जवान ज्ञानबहादुर लामगादे विरूद्ध विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

मेलम्चीदेखि काठमाडौंतर्फ बालुवा लिई आउने क्रममा राजमार्गमा पर्ने पाँचखाल प्रहरीमा कार्यरत रहेका मोटर साईकल गस्तीमा हिंड्ने प्रहरी कर्मचारीहरू समेतले चेक गर्ने बहानामा दुःख हैरानी दिंदै घुस रिसवत बापत रू.२,०००।– (दुई हजार) माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टङ्गालबाट खटिई गएको टोलीले प्रहरी चौकी, पाँचखाल काभ्रेका प्रहरी हवल्दार भक्त बहादुर हायु र प्रहरी जवान ज्ञानबहादुर लामगादेलाई रू.२,०००।–घुस रिसवत लिएको अवस्थामा रङ्गेहात नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको क्रममा निजहरू प्रहरी हवल्दार भक्त बहादुर हायु र प्रहरी जवान ज्ञानबहादुर लामगादेले सेवाग्राहीलाई ट्रिपर रोक्न लगाई बालुवाबाट पानी चुहाएकोले पक्राउ गरी कारवाहीका लागि पठाउने भनी पक्राउ नगर्नका लागि रू.२,०००।–(दुई हजार) घुस/रिसवत माग गरी लिएको तथ्य पुष्टि हुन आइ निजहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको स-प्रमाण पुष्टि भएकोले निजहरूलाई विगो रू. रू.२,०००।–(दुई हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैदको सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता